# नगर-सभाको बैठकमा २०८३ साल असार १० गते नगर प्रमुख श्री संजिव कुमार साहज्यू द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट

भँगहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भँगहा, महोत्तरी

मधेश प्रदेश, नेपाल

२०८३/०३/१०

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, संस्कृतिर पूर्वाधार : आत्मनिर्भर, समुन्नत र समृद्ध भंगहा निर्माणको आधार"

# भंगहा नगरपालिकाको अठारौं नगरसभामा पेश भएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट

नगर सभाका माननीय नगर-उप प्रमुख ज्यू,
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सम्मानित नगरसभाका सदस्य ज्यु हरु,
आदरणीय जेष्ठनागरिक एंव नागरिक समाज, संचारकर्मी मित्रहरु, भंगहा नगरबासीहरु र नगरविकासको कार्यमा अहोरात्र खटिरहनु भएका सम्पूर्ण राष्ट्रिय सेवक कर्मचारी मित्रहरु,
अन्य उपस्थित महानुभावहरु ।

१. नेपालको संविधान बमोजिम दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट हामी दोस्रो कार्यकालका लागि निर्वाचित भएको चार वर्ष पूरा भइ पाचौं वर्षमा काम गर्दैछौं। निर्वाचनको बेला घोषणा-पत्र मार्फत जनतालाई दिएको वचन एक एक गरी पूरा गर्ने क्रममा छौं" । शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधार, पर्यटन, कृषि भाषा धर्म तथा संस्कृती र सुशासन हाम्रा प्राथमिकताका विषयहरू हुन् । हामी जनप्रतिनिधिहरूले आफ्नो क्षमताले भ्याएसम्म संविधान र प्रचलित कानुनको परिधिभित्र रहेर जनताको सेवा गर्दैछौं।

२. यस भंगहा नगरपालिकाको सम्मानित नगरसभा चालू आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलन, जेन्जी आन्दोलन लगायतका आन्दोलनको स्मरण गर्न चाहन्छु। लोकतन्त्रको स्थापनार्थ शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु । साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाईते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएमा महानुभावहरु प्रति हार्दिक सहानुभूति प्रकट गर्दै उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै बेपता योद्धा, घाइते, अपाङ्ग, शहिद तथा बेपता परिबार एवम् बिभिन्न आन्दोलनमा नेतृत्व गर्नुहुने आदरणीय नेताहरु प्रति उच्च समान व्यक्त गर्दछु ।

३. जनताको सबै भन्दा नजिकको सरकारको रुपमा रहने स्थानीय सरकार प्रति जनअपेक्षा धेरै रहनु स्वभाविक नै हो ।आजको अठारौं नगर सभा सम्म आइपुग्दा यस नगरपालिकाको विकास तथा सम्वृद्धिका लागि हातमा हात साथमा साथ दिनु हुने नगर सभाका सदस्य ज्युहरु, कार्यपालिकाका सदस्य

२०८३/३/१०

ज्युहरु, विभिन्न समितिका सदस्य ज्युहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै स्थानीय तहमा अनेक चुनौतीका वावजुद आफ्नो व्यक्तिगत स्वार्थ र जिवन भन्दा माथि उठेर राष्ट्रिय स्वार्थ र आवश्यकताको लागि अहोरात्र खटिनुभएका, अतुलनीय योगदान पुर्याउनुभएका तमाम राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

४. यस नगरपालिकामा विधमान भौगोलिक एवं सास्कृतिक विविधता, कृषि योग्य भूमिको प्रचुरता, कला सस्कृति,प्राकृतिक श्रोतको उपलब्धता जस्ता विशिष्ठताहरुको सुव्यावस्थित उपयोगद्वारा समग्र नगरवासीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन यो नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान गर्ने छ भन्ने मैले पूर्ण विश्वास लिएको छु ।

५. बिकासको दृष्टिकोणले यस भंगहा नगरपालिका निकै पछाडी रहेको व्यहोरा हामीलाई विदितै छ । मानव विकास सूचांकमा समेत हाम्रो नगरपालिकाको अवस्था दयनीय रहेको छ । अति विपन्न र दलित समुदायको अत्यधिक जनसंख्या रहेकोले हाम्रो विकासका कार्यक्रम अति विपन्न र दलित समुदायको जीवनस्तर माथि उठाउन केन्द्रित गर्नुपर्ने देखिन्छ । कृषि क्षेत्रको विकासको प्रचुर सम्भावना भएतापनि यस क्षेत्रलाई व्यावसायिकरण गर्न सकिएको छैन भने बजारीकरणको समस्या पनि त्यत्तिकै मात्रामा रहेको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि नगरपालिकाको पर्याप्त पहुँच पुग्न सकेको छैन । भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा भएका हाम्रा प्रयासले केही उपलब्धि देखिए पनि पर्याप्त मात्रामा भौतिक पूर्वाधार निर्माण गर्न सकिएको छैन । उर्वर कृषि भुमि यस क्षेत्रको अत्यधिक संभावना बोकेको क्षेत्र हो जसको उपयोगद्वारा नगरवासीलाई आत्मानिर्भर बनाउनुपर्ने आजको आवश्कता हो । त्यसै गरि फलफुल तथा तरकारी खेती पनि यस क्षेत्रका जनताको आयआर्जनको राम्रो श्रोत भएकोले यस क्षेत्रको विकासमा ध्यान दिन जरुरी रहेको छ । पशुपालन र मत्स्य व्यावसायबाट नगरवासीलाई आत्मानिर्भर बनाउने अर्को महत्वपूर्ण क्षेत्र हो, यस क्षेत्रलाई पनि हाम्रो नीति, कार्यक्रम र बजेटले समेट्नु पर्ने देखिन्छ ।

६. नगरको विकास जनप्रतिनिधिको एक पक्षीय प्रयासले मात्र संभव हुन सक्दैन । नगरवासीहरुको विकास प्रक्रियामा सक्रिय र अर्थपूर्ण सहभागिताले मात्र हामीले परिकल्पना गरेको **"आत्म निर्भर समुन्नत र समृद्ध भंगहा"** निर्माण संभव हुनेछ । विकास कार्यक्रममा श्रोतको सदुपयोग गराउन र गुणस्तरीयता कायम गर्न सम्पूर्ण नगरवासीहरुको सक्रिय सहभागिता आवश्यक हुन्छ । यसको लागि म सम्पूर्ण नगरवासीहरुमा जागरुक र सचेत रहन हुन अनुरोध गर्न चाहन्छु ।

७. सुख्खाग्रस्त क्षेत्रहरूको पहिचान गरी स्वच्छ खानेपानी सङ्कलन, भण्डारण, वितरण र सिँचाइको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। डिपबोरिङ्ग खानेपानी तथा सिंचाइ आयोजनाहरू विकास तथा विस्तार गर्ने नीति लिइनेछ ।

८. भँगहा नगरपालिकालाई समृद्द, समुन्नत बनाउन आज हामि यस गरिमामय सम्मानित नगर सभामा उपस्थित भएका छौं ।यस भँगहा नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट प्राथमिकिकरण तथा तर्जुमा गर्दा नेपालको संविधानको अनुसुची ८ र ९, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश

२०८३।३।१०

सरकारको नीति तथा कार्यक्रम, नेपालको संविधानमा रहेको राज्यका नीति तथा निर्देशक सिद्दान्त, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारबाट प्राप्त वित्तीय समानिकरणलगायतका अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदानहरु र स्थानीय स्तर बाट प्राप्त हुनसक्ने अनुमानित आय, नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु, दिगो विकास लक्ष्य, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आगामी बर्षका लागि बजेट तर्जुमा पठाइएको मार्ग दर्शन, विभिन्न आदेश, निर्देशन तथा परिपत्रहरु, बिगत बर्षमा संचालित योजनाहरु बाट आर्जन भएको ज्ञान र अनुभव  तथा अध्ययन प्रतिबेदन, स्थानीय तहको अधिकार तथा कार्य विस्तृतिकरण, जन प्रतिनिधिहरुले चुनावको समयमा घोषणा पत्रमा गर्नु भएको प्रतिवद्धत, अन्य प्रचलित विधमान ऐन कानूनहरु, बिभिन्न विषयगत मन्त्रालयहरु, कार्यालयहरु, संघ संस्थाहरु बाट प्राप्त मार्ग निर्देशन, सुझाव तथा अपेक्षा, स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, बिभिन्न बिज्ञ, समितिहरुका राय, सल्लाह तथा सुझावहरु तथा आम नागरिकहरुको सुझाव, आम भँगहाबासीको अपेक्षा समेतलाई हृदयङ्गम गरी यस सम्मानित नगरसभामा यो नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छु ।

## दीर्घकालीन सोच

"समुन्नत, समावेशी, सुरक्षित र दिगो भंगहा नगरपालिका निर्माण गर्ने ।'

## मुख्य लक्ष्यहरू

- कृषि र उद्यममार्फत आय वृद्धि
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा
- व्यवस्थित सडक तथा शहरी पूर्वाधार
- सुरक्षित खानेपानी र सरसफाइ
- विपद् प्रतिरोधी नगर निर्माण
- पारदर्शी, जवाफदेही र प्रविधिमैत्री स्थानीय सरकार

## आर्थिक वर्ष २०८३/०८४ का उद्देश्य

१. स्थानीय आर्थिक गतिविधि विस्तार गर्ने।
२. रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने।
३. गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउने।
४. सामाजिक न्याय र समावेशी विकास सुनिश्चित गर्ने ।
५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

२०८३।३।१०

सम्मानित नगरसभाका सदस्य ज्युहरु,

अब म यस गरिमामय नगरसभामा यस भँगहा नगरपालिकाले आ.व. २०८२/२०८३ सालको जेष्ठ मसान्त सम्मकोमुख्य मुख्य उपलब्धिहरु प्रस्तुत गर्न चाहन्छु ।

आ.ब.२०८२/८३ मा भएका मुख्य मुख्य उपलब्धिहरुः-

१. थप ३ ओटा स्वास्थ्य संस्थामा क्षयरोग उपचार केन्द्र विस्तार गरेको ।
२. भंगहा नगरपालिका अन्तर्गतका सम्पुर्ण वडामा ५ वर्ष मुनिका वच्चाहरुलाई घरदैलो पोषणलेखाजोखा कार्यक्रम सञ्चालन गरी मध्यम कुपोषित ३५३ र सिघ्र कुपोसित १२३ वच्चालाई उपचारको दायरामा ल्याएको ।
३. स्वास्थ्यका हरेक **indicator** मा ९०% माथि लक्ष्य प्राप्त गरेको ।
४. गर्भवती र सुत्केरी आमालाई निःशुल्क **calcium Tablet** १२ महिना वितरण गरेको।
५. भंगहा न. पा. वडा नं. ८ का सुनैलो हजार दिनका २५ जना आमा-लाई पोषण स्तर सुधारका लागि २५,००० हजारका दरले अनुदान वितरण गरेको ।
६. सम्पुर्ण स्वास्थ्य संस्थाहरूमा १२ महिना गर्भवती आमालाई निःशुल्क **Ultrasound program** सञ्चालन गरेको।
७. आफ्नै भवनबाट नागरिकलाइ सहज सेवा दिने हेतु भंगहा नगरपालिकाको भवन निर्माण सम्पन्न भइसकेको ।
८. यस नगरपालिका क्षेत्रभित्र नगरपालिकाको ९ वटै वडामा चारपांग्रे गाडी (एम्बुलेन्स) समेत गुडने गरी बाटो निर्माण भएको ।
९. वडा नं. ५ स्वास्थ्य संस्था केन्द्रमा निशुल्क अल्ट्रासाउण्ड सन्चालनमा रहेको ।
१०. वडा नं. ५ स्वास्थ्य संस्थामा प्रयोगशाला कार्य सुचारु रहेको ।
११. नगर क्षेत्र भित्र रहेका व्यवसाय दर्ता गरि प्रमाणपत्र वितरण गरिएको ।
१२. क्रसर उद्योगहरुलाई पनि क्रमशः दर्ता गरि सचालन गर्ने प्रक्रियामा ल्याइएको ।
१३. २७ वटा नियम,कानुन तथा कार्यविधिहरु राजपत्रमा प्रकाशन गरि Web site मा राखिएको ।
१४. नगर क्षेत्रका बिद्यालयहरुमा शौचालय निर्माण र फाइबरको डेस्क-बेन्च गरिएको ।
१५. यस नगरपालिका अन्तरगत रहेका वडा कार्यालयहरु, स्वास्थ्य चौकि, आधारभुत स्वास्थ्य ईकाइ र विद्यालयहरुमा ई-हाजिरी मेसिन जडान गरेको ।
१६. बिभिन्न स्थानमा सामुदायिक भवन निर्माण गरिएको ।
१७. मन्दिर, मस्जिद लगायत धार्मिक स्थलहरुको निर्माण गरिएको ।
१८. आवतजावत सजिलोको लागि ३ कि.मि. PCC ढलान, २६ कि.मि. ग्राभेल र १० कि.मि. कृषि रोड निर्माण गरिएको ।

२०८३।३।१०

१९. भङ्गहा साक्षर अभियान सन्चालन गरी साक्षर पालिका घोषणाको अन्तिम चरणमा रहेको

२०. विद्यालय बाहिर रहेको विद्यालय उमेर समुहको बालबालिका (५-९) लाई विद्यालय भर्ना अभियान सन्चालन गरी विद्यालय उमेर समुहका बालबालिका (५-९) विद्यालय बाहिर रहित पालिका घोषणाको अन्तिम चरणमा रहेको ।

२१. युनिसेफ नेपाल र भङ्गहा नगरपालिकाको साझेदारीमा वि पि कोइराला सामुदायिक सिकाई केन्द्रबाट डिजिटल साक्षारता कार्यक्रम सन्चालन गरेको ।

२२. समग्र जनउत्थान केन्द्र र भङगहा नगरपालिकाको लागत साझेदारीमा ८ देखि १६ वर्ष उमेर समुहका १८३ किशोरीलाई बैकल्पिक सिकाईको तह १ को सिकाई पूरा गरी विद्यालय भर्ना गरेको ।

२३. शैक्षिक सत्र २०८२ को SEE परीक्षामा उत्कृष्ट अंक सहित जिल्लामा दोस्रो स्थान प्रास गर्न सफल

२४.उन्नत जातको गहु बिउ २८.५ मे.टन ५०% अनुदानमा वितरण कार्य ।

२५.कृषि उपकरण स्प्रेयर टंकि वितरण ।

२६.किसान कार्ड वितरण कार्य सञ्चालनमा रहेको ।

२७.यूरोप तथा खाडी मुलुकहरुको करीव २५० जनालाई श्रम स्वीकृती प्रदान गरेको

२८. बैदेशिक रोजगारीको सिलसिलामा बिदेशमा मृत्यु भएका २ जना ब्यक्तीहरुलाई बैदेशिक रोजगार बोर्डबाट १०/१० लाख रुपैया दिलाएको।

२९. ३ जनालाई बिदेशमा अंगभंग भएको बापत उपचार खर्च क्रमशः ७ लाख, २.५ लाख र ३ लाख दिलाउन सहजिकरण गरेको

३०. बैदेशिक रोजगारीमा अंगभंग भएका ३ जनालाई उपचार खर्च दिलाउन हाल प्रोसेसमा रहेको

३१. करीब १५० जनालाई बैदेशिक रोजगारीमा निःशुल्क जान सहजिकरण गरेको

३२. ३ जाना लाई निः शुल्क मलेसिया पठाईएको।

३३. बैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा मृत्यु भएको १ जनाको सब झिकाएको

३४. पालिका भरिमा रहेका विद्यालयहरुमा ६० कोठे भवन सम्पन्न भयो ।

३५.बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत व्यवहार परिवर्तन कार्यक्रम र पोषणमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रम १ देखि ९ वडामा दलित वस्तिमा संचालन भएको (खानपीन, सरसफाई, गर्भवती जाच, तालिम तथा अभिमुखिकरण कार्यक्रम ।

त्यसैगरी अब म, यस भंगाह नगर पालिकाले लिएको सोच, लक्ष्य उद्देश्य र प्राथमिकताका क्षेत्रलाई पनि यहाँ हरु सम्क्ष राख गई रहेको छु ।

उपस्थित सभासद ज्यूहरु,

अब म यस गरिमामय नगरसभामा भंगहा नगरपालिकाको आ.व. २०८३/०८४ मा अख्तियार गर्ने नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

## मुलभूत नीति तथा कार्यक्रमः

१. स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानुनहरु तर्जुमा गरी सम्मानित नगरसभा बाट पारित गराइ आम नागरिकलाई स्थानीय सरकारको उपस्थितिको आभाष दिलाउनुका साथै यस नगरपालिकाबाट बिभिन्न क्षेत्रमा लागु गरिएका ऐन नियम संशोधन गरिनेछ।

२. समृद्ध नगरपालिका निर्माणका लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाइनेछ ।नगरपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लागत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरिवेक्षण गरिनेछ ।

३. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य आम जनसमुदायको चाहना, अपेक्षालाई हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ ।

४. कृषि क्षेत्रलाई नगरपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । स्थानीय तरकारी, बाली, नगदेवाली, फलफुल, नर्शरीहरुलाई संरक्षण, संवर्द्धन र कृषि उत्पादनलाई जोड दिइ कृषिको आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ प्रबन्ध मिलाइनेछ ।

५. भँगहा नगरवासीको जीवनस्तरमा सुधार ल्याउन कृषि उपजमा आधारित उद्योग तथा कलकारखानाहरुको क्रमश स्थापना तथा विकासका लागि आवश्यक पहल गर्दै लगिनेछ ।

६. विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

७. कृषि उपज र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ ।

८. नगरपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरु गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ ।

९. नगरपालिकामा रहेका प्राकृतिक श्रोत, साधन लगायतको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक निकाय हरु संग पहल गरिनेछ ।

१०. बालविवाह तथा बालश्रम एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

२०८३।३।१०

११.सामाजिक सूरक्षा कार्यक्रम तर्फ यस कार्यक्रमलाई अझै भरपर्दो, विश्वसनीय र सहज बनाउन बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा वितरण गर्ने व्यवस्था मिलाइनेछ। साथै अशक्त, असहायहरुको हकमा मात्र घरमै बसी भत्ता थाप्ने व्यवस्थाको लागि विशेष पहल गरिनेछ ।

१२. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिवृद्धि गर्न सेवाको गुणस्तरमा थप व्यवस्था मिलाइनेछ ।सीपयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई क्रमशः विस्तार गर्दै लगिनेछ ।

१३.नगरपालिकाको स्वमित्वमा रहेका सम्पत्तिको सुरक्षा, मर्मत तथा संभारका लागि आवस्यक बजेट बिनियोजन गरिने छ ।

१४.स्वस्थ, अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको आवश्यक पूर्वाधार तयार गरिनेछ ।

१५.नगरपालिकालाई वातावरणमैत्री, बालमैत्री, प्रविधिमैत्री, अपाङ्गमैत्री, लैङ्गिक हिंशा मुक्त बनाउने नीति अवलम्बन गरिनेछ ।

१६.नगरपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको सयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

१७.नगरपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा" (Service With Smile) को नीति लिइनेछ ।

१८.सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालैसुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

१९.पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार रहित, बेरुजु रहित बनाइनेछ ।

२०.प्रशासनिक कामकारबाहीलाई सरल, चुस्त र प्रभावकारी बनाइनेछ ।

२१.आवधिक योजनाहरु विकास गर्नका लागि नगरपालिकास्तरीय आवधिक योजना (MunicipalPeriodic Plan) तर्जुमा गर्नका लागी आवश्यक पहल गरिनेछ ।

२२.सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी संघ संस्थाहरुको अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण प्रकृयालाई कडाईका साथ लागु गरिनेछ । कार्यक्रममादोहोरोपना हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

२३.यस नगरपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी, संघ संस्था, बिभिन्न कृषि समुह, महिला समुह, आमा समुह, क्लबहरुलाई सुचिकृत गरी आवश्यक अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गरिनेछ ।

२०८०।३।१०

२४.नगरपालिका क्षेत्र भित्र कुनै पनि संस्थाले तालिम, गोष्ठी, सेमिनार संचालन गर्नु परेमा नगरपालिकाको सहमति लिनु पर्ने व्यवस्थालाई प्रभावकारी बनाइने छ । साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गरिनेछ ।

२५.नगरपालिका भित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा ३% योजना सँचालन खर्च (Contingency Cost) कटागरिनेछ र सो रकम नगरपालिकाको प्रचलित नियम बमोजिम खर्च गरिनेछ।

२६.नगरपालिका भित्र संचालनमा रहेका योजनाहरुको विशेष अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कन गरी योजना सम्झौता बमोजिम कार्यान्वयन नगर्ने कम्पनि, ठेकेदार, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई कानुनको दायरमा ल्याई कारवाहि प्रकृया अगाडी बढाइनेछ ।

२७. नगरपालिकाले बिभिन्न क्षेत्रमा अस्थायी तथा सेवा करारमा लिएका कर्मचारीहरुको भर्ना, नियुक्ति प्रक्रिया आदीलाई ऐन, नियम मैत्री बनाइनेछ ।

२८. नगरपालिकाको केन्द्र बिन्दुमा रहेको सितापुर बजार तथा नगरपालिका अन्तर्गतका तिर्थस्थलहरु सिद्धनाथ, कन्चनवन तथा गेरुका धामलाई व्यवस्थित गरिनेछ ।

२९.शिक्षण पेशालाई आकर्षक, भयरहित तथा अझ आकर्षित बनाईने छ ।

**उपस्थित सभासद ज्युहरु,**

**आगामी आ.व.२०८३/०८४ को बजेटका निम्न उदेश्यहरु रहेका छन ।**

१. सेवाग्राही अनुकुलन सेवा प्रवाहको व्यवस्था मिलाउने ।

२. सबै खेति योग्य जमिनमा सिचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन बढाउने ।

३. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायी करण र बजारीकरण गरी रोजगारी सृजना गर्ने ।

४. व्यवसायिक पशुपालन तथा मत्स्य पालन लाइ प्रवद्धन गर्ने ।

५. गुणस्तरीय शिक्षा सबै नगरवासीको सहज पहुच पुर्याउने ।

६. पूर्वाधार निर्माण दिगोपना सुनिश्चित गर्ने ।

७. हासिल भएका उपलब्धिहरुलाई सामाजिक न्यायको सिद्धान्त अनुसार विरतण गर्ने ।

८. सबै नगरवासीलाई सहज सडक यातायातको सुविधा उपलब्ध गराउने ।

९. सबै नगरवासीलाई आधारभूत स्वास्थ्य सुविधा उपलब्ध गराई स्वास्थ्य नगरपालिका बनाउने ।

१०. आत्मनिर्भर भंगहा नगरपालिका बनाउने ।

**आगामी आ.व.२०८३ र ८४ को बजेटका तर्जुमा गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिइएको छ ।**

१. सेवाग्राही मैत्री सेवा प्रवाह ।

२०८३।३।१०

२. नगरक्षेत्रभित्रका खेतियोग्य जमिन सबैमा सिंचाईको व्यवस्था

३. भौतिक पुर्वार र आर्थिक विकासमा जोड

४. विपद व्यवस्थापन र वातावरण संरक्षण

५. उद्यमशिलता विकास र रोजगारी सिर्जना

६. कृषि,पशुजन्य उत्पादनमा वृद्धि र बजारिकरणको प्रवर्द्धन

७. वालवालिकाको हित संरक्षण एंव महिला सशक्तिकारण र क्षमता विकास

२०८३।३।१०

सम्मनित सभाका सदस्यज्युहरु,

आगामी आर्थिक बर्ष २०८३/०८४ को लागि जम्मा रु. ५९ करोड ८१ लाख ७८ हजार आय र सो रकम बराबर व्यय को अनुमानित विवरण यँहाहरु समक्ष पेश गरेको छु । जसको शिर्षकगत रुपमा आम्दानी र खर्चको विवरण निम्न वमोजिम प्रस्तुत गरेको छु ।

तपसिल

आय तर्फ

| शिर्षक | अनुमानित आय |
|---|---|
| क.संघीय सरकारबाट प्राप्त अनुदान | |
| १.वितिय समानीकरण अनुदान | १२ करोड ४३ लाख |
| २.सशर्त अनुदान चालु + पुँजीगत | २४ करोड ८६ लाख |
| ३.विशेष अनुदान | |
| ४.समपुरक अनुदान | १ करोड ९५ लाख |
| ५.राजस्व बाँडफाड | १२ करोड ४९ हजार |
| जम्मा | ५१ करोड २४ लाख ४९ हजार |
| ख.प्रदेश सरकारबाट प्राप्त अनुदान | |
| १. समानीकरण अनुदान | ८५ लाख ४५ हजार |
| २. विशेष अनुदान | २० लाख |
| ३. समपुरक अनुदान | ३० लाख |
| ४. शशर्त अनुदान | ६० लाख |
| ५. राजस्व बाँडफाड | ६१ लाख ८४ हजार |
| जम्मा | २ करोड ५७ लाख २९ हजार |
| ग. स्थानीय राजश्व तथा आन्तरिक आम्दानी तर्फ | |
| १.गत वर्ष(०८२/८३) को अ.ल्या. बैंक मौज्दात | २ करोड |
| २.स्थानीय राजश्व बाँडफाँड | १ करोड |
| ३.स्थानीय आन्तरिक आम्दानी | ३ करोड |
| जम्मा | ६ करोड |
| कुल जम्मा | ५९ करोड ८१ लाख ७८ हजार |

मिति २०८३/०३/१० गते बुधबार रोज ४ शुभम्

धन्यवाद, नमस्कार